# सखुवानन्कारकट्टी गाउँपालिका
## Sakhuwanankarkatti Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive

सखुवानन्कारकट्टी, सिरहा
Sakhuwanankarkatti, Siraha
प्रदेश नं. २ नेपाल, Province No. 2, Nepal


प.सं.(Letter No.): २०७८/७९
च.नं.(Ref.No.): २४

मिति :२०७८।०४।०३ गते

**विषय :- आ.व. २०७७।०७८ को सम्पति विवरण पेश गर्ने सम्बन्धमा ।**

**श्री सरोकारवाला सबै ।**

उपर्यूक्त सम्वन्धमा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहंदरवार काठमाण्डौं, आन्तरिक व्यवस्थापन शाखाको पत्र संख्या २०७७।०७८ च.नं. १३८३ मिति २०७८।०३।२८ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो सो सम्वन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१), निजामती सेवा नियमावली, २०५० को नियम ११८ (१) बमोजिम प्रत्येक निजामती कर्मचारी, नेपाल राजपत्र, खण्ड ६८, असार २० (अतिरिक्ताङ्क ११) भाग, ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम र यस आ.व. मा सेवा निवृत भएका कर्मचारीले समेत आर्थिक वर्ष समाप्त भए पश्चात सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था भए वमोजिम देहायका सेवा समूहका कर्मचारीहरु/जनप्रतिनिधिहरुले देहाय बमोजिम सम्पत्ति विवरण बुझ्नु/बुझाउनु हुन पत्रानुसार अनुरोध छ ।

**तपशिल**

| सि.नं. | सम्पत्ति विवरण पेश गर्ने सेवा/समुह | सम्पत्ति विवरण पेश गर्ने निकाय | सम्पत्ति विवरण पेश गर्नु पर्ने समय | कैफियत |
|---|---|---|---|---|
| १. | संघीय निजामती सेवा तथा समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारी | राष्ट्रिय किताबखाना (निजामती) | आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र | |
| २. | लोक सेवा आयोगको विज्ञापनवाट परिपूर्ति भई स्थानीय तह (गाउँपालिका र नगरपालिका) हरुमा कार्यरत स्थानीय सेवाका कर्मचारीहरु | आर्थिक वर्ष समाप्त भएको मितिले सम्वन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता गरि सक्नुपर्ने । | सम्वन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता भएको सम्पत्ति विवरण सम्वन्धित प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरिसक्नुपर्ने । | |
| ३. | करार सेवामा कार्यरत कर्मचारीहरुको हकमा | सम्वन्धित स्थानीयहरुमा आर्थिक वर्ष समाप्त भएको मितिले सम्वन्धित स्थानीय तहमा ६० दिन भित्र बुझाउने र बुझ्ने स्थानीयतहहरुले राष्ट्रिय सतर्कता केन्द्र सिंहदरवार कागमाण्डौंले तोकेको ढाँचा/Link मा Entry गर्नु पर्ने । | सम्वन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता भएको सम्पत्ति विवरण सम्वन्धित प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरिसक्नुपर्ने । | |
| ४. | जनप्रतिनिधिको हकमा | आर्थिक वर्ष समाप्त भएको मितिले सम्वन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता गरि सक्नुपर्ने । | सम्वन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता भएको सम्पत्ति विवरण सम्वन्धित प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरिसक्नुपर्ने । | |

२०७८।४।२

रामकिशोर महतो
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner